स्थायी लेखा नं.: ३०१२९६११०
कार्यालय कोड नं.: ८०१०५५८०२

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur)
सैनवार, बर्दिया
Sainawar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## मूल्य पारदर्शिता सप्ताह मनाउने सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशन मिति २०८३।०१।३१ गते, ने.सं. ११४६ बछलागा १२, बिहिबार

वि.सं. २०८३।०१।२८ गतेदेखि २०८३।०२।०३ गतेसम्म उपभोक्ताको हकहितको संरक्षण, बजारमा मूल्य सम्बन्धी तथा खरिद-बिक्रलाई पारदर्शिता अभिवृद्धि तथा व्यावसायिक कारोबारलाई थप व्यवस्थित, जिम्मेवार र उपभोक्तामैत्री बनाउने उद्देश्यले मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) मनाउने गरी परिपत्र भएको हुँदा उक्त अवधि लगायत सदैव आफ्नो व्यवसायस्थलमा बिक्री गरिने वस्तु तथा सेवाको स्पष्ट मूल्यसूची सबैले सजिलै देख्न सक्ने गरी राख्ने, प्रचलित मूल्यभन्दा फरक मूल्य असूल नगर्ने, उपभोक्तालाई भ्रममा पार्ने कार्य नगर्ने, कानून विपरीतका गतिविधिहरू नगर्ने लगायतका स्वस्थ व्यवसायिक गतिविधिहरू गर्न र उपभोक्ताले समेत यस्ता विषयमा चनाखो हुन अनुरोध गर्दै सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

बजार अनुगमनका क्रममा कानून विपरीतका गतिविधि भए गरेको पाइएमा प्रचलित कानून बमोजिम भईजाने बेहोरा समेत सूचित गरिन्छ ।

मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

प.सं.:०८२/०८३

च.नं.:स्था.प्र./

Google Plus Code:
683V+HM Gulariya

मितिः २०८३/०१/३०

ने.सं. ११४६ वछलागा

## मूल्य पारदर्शिता सप्ताह सम्बन्धी सूचना

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयको प्राप्त पत्रानुसार उपभोक्ताको हकहित संरक्षण, बजारमा मूल्य सम्बन्धी तथा खरिद-बिक्रीलाई पारदर्शिता अभिवृद्धि तथा व्यवसायिक कारोबारलाई थप व्यवस्थित, जिम्मेवार र उपभोक्तामैत्री बनाउने उद्देश्यले वि.सं. २०८३ साल बैशाख २८ गतेदेखि २०८३ जेष्ठ ३ गतेसम्म मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) शुरु भईरहेको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त अवधिभर जिल्लाका सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, सेवा प्रदायक तथा सरोकारवाला निकायहरूले आफ्नो व्यवसायस्थलमा बिक्री गरिने वस्तु तथा सेवाको स्पष्ट मूल्यसूची (Price List) राख्ने, सबै उपभोक्ताले सहज रूपमा देख्न सक्ने गरी प्रदर्शन गर्ने तथा प्रचलित मूल्यभन्दा फरक मूल्य असुल नगर्ने व्यवस्था मिलाउन अनुरोध गरिन्छ। साथै, सम्बन्धित निकायहरूबाट बजार अनुगमन, मूल्यसूची परीक्षण तथा उपभोक्ता हित संरक्षणसम्बन्धी अनुगमन कार्य समेत सञ्चालन गरिने हुँदा मूल्यसूची नराख्ने, उपभोक्तालाई भ्रममा पार्ने वा कानुनविपरीत कार्य गर्ने व्यवसायी/संस्थामाथि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

यस अभियानलाई सफल बनाउन जिल्लास्थित सम्पूर्ण स्थानीय तह, उद्योग वाणिज्य संघ, व्यवसायी, उपभोक्ता, नागरिक समाज, सञ्चारमाध्यम तथा सरोकारवाला निकायहरूबाट आवश्यक सहयोग, समन्वय र सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ।

दर्ता नं. ......२६५८...... मिति: ......२०८३/०१/३१......
ठाकुरबाबा नगरपालिका
...वार, बर्दिया

२०८३/०१/३०
सरोज चौधरी
प्रशासकीय अधिकृत